शैलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काटाकुटी दोलखा

**२०८२/०४/२८ गते भएको  आ.व. २०८१/०८२ को**

**वार्षिक समीक्षा कार्यक्रम**

**प्रतिवेदन**

**प्रतिवेदन पेश मितिः-२०८२/०४/२९**

## पृष्ठभूमी

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई शासनको सबैभन्दा नजिकको, उत्तरदायी र प्रभावकारी संरचनाका रूपमा परिकल्पना गरेको छ। यसै संवैधानिक व्यवस्थाअनुसार शैलुङ गाउँपालिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन, नीति, कार्यविधि र मार्गदर्शनहरूको पालना गर्दै आ.व. २०८१/०८२ मा समग्र विकास, सुशासन र सेवा प्रवाहलाई सुदृढ बनाउने लक्ष्यका साथ अगाडि बढेको छ। यस अवधिमा गाउँपालिकाले जनताको आवश्यकता, प्राथमिकता र स्थानीय सम्भावनालाई केन्द्रमा राखी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन–मूल्यांकनका गतिविधिहरू सञ्चालन गरेको छ।

वार्षिक समिक्षा कार्यक्रम स्थानीय शासन प्रणालीको अभिन्न अङ्गका रूपमा स्थापित भएको छ। यस कार्यक्रमको मुख्य उद्देश्य विगत एक वर्षमा सम्पन्न तथा प्रगतिमा रहेका नीति, योजना, कार्यक्रम र परियोजनाहरूको वस्तुगत मूल्यांकन गर्नु, उपलब्धि र सिकाइहरू पहिचान गर्नु, चुनौती र समस्याहरूको समीक्षा गर्नु तथा आगामी दिनका लागि सुधारात्मक रणनीति तय गर्नु हो। शैलुङ गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक समिक्षा कार्यक्रम यसै उद्देश्यलाई आत्मसात् गर्दै पारदर्शिता, उत्तरदायित्व र सहभागितामूलक शासनको अभ्यासलाई अझ सबल बनाउने दिशामा केन्द्रित छ।

आ.व. २०८१/०८२ मा शैलुङ गाउँपालिकाले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ गर्दै स्रोत साधनको अधिकतम उपयोग गर्ने प्रयास गरेको छ। वित्तीय व्यवस्थापन, राजस्व परिचालन, बजेट कार्यान्वयन, सार्वजनिक खरिद, लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन विभिन्न सुधारात्मक कदमहरू चालिएका छन्। यस अवधिमा सीमित स्रोत, भौगोलिक कठिनाइ, जनशक्तिको अभाव तथा प्राकृतिक जोखिमका बाबजुद पनि विकास निर्माण, सामाजिक सेवा प्रवाह र संस्थागत सुदृढीकरणका कार्यहरू निरन्तर अघि बढाइएका छन्।

सेवा प्रवाह सुधार शैलुङ गाउँपालिकाको प्रमुख प्राथमिकतामध्ये एक रहँदै आएको छ। स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, कृषि, पशुपालन, सामाजिक सुरक्षा, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि लक्षित कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाले विभिन्न साझेदारी र नवप्रवर्तनात्मक अभ्यासहरू अपनाएको छ। डिजिटल प्रविधिको प्रयोग, नागरिक वडापत्रको अद्यावधिक, गुनासो व्यवस्थापन प्रणालीको सुदृढीकरण तथा कर्मचारी क्षमता अभिवृद्धिका कार्यक्रमहरू मार्फत सेवा प्रवाहलाई छरितो, पहुँचयोग्य र नागरिकमैत्री बनाउने प्रयास गरिएको छ।

योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा जनसहभागिता सुनिश्चित गर्नु शैलुङ गाउँपालिकाको अर्को महत्वपूर्ण उपलब्धि हो। टोल–बस्ती स्तरदेखि वडास्तर र गाउँपालिका स्तरसम्मका छलफल, परामर्श र सार्वजनिक

सुनुवाइमार्फत नागरिकका सुझाव, अपेक्षा र प्राथमिकतालाई योजनामा समावेश गरिएको छ। यसले योजनाहरूको स्वामित्व भावना अभिवृद्धि हुनुका साथै कार्यान्वयनमा सहयोग, निगरानी र पारदर्शिता बढाउन मद्दत पुऱ्याएको छ।

सुशासन प्रवर्द्धनका दृष्टिले आ.व. २०८१/०८२ मा शैलुङ गाउँपालिकाले आन्तरिक सुशासन संयन्त्र, आचारसंहिता पालन, सूचना हकको कार्यान्वयन, सार्वजनिक लेखापरीक्षण तथा सामाजिक परीक्षणका अभ्यासहरूलाई निरन्तरता दिएको छ। यसले स्थानीय सरकारप्रति नागरिकको विश्वास बढाउन र सार्वजनिक स्रोतको सदुपयोग सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

यद्यपि, कार्यान्वयनका क्रममा विभिन्न चुनौतीहरू पनि देखिएका छन्। स्रोत साधनको सीमितता, समयमै बजेट निकासा नहुनु, प्राविधिक जनशक्तिको अभाव, भौगोलिक विकटता, जलवायु परिवर्तनजन्य जोखिम तथा प्राकृतिक प्रकोपका सम्भावनाले केही कार्यक्रम र परियोजनाहरूमा अपेक्षित प्रगति हासिल गर्न कठिनाइ उत्पन्न गरेको छ। यी चुनौतीहरूबाट प्राप्त अनुभव र सिकाइलाई आगामी योजना तथा कार्यक्रम तर्जुमा गर्दा समेट्नु अत्यन्त आवश्यक छ।

यस पृष्ठभूमिमा, शैलुङ गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक समिक्षा कार्यक्रम विगत वर्षका सम्पूर्ण गतिविधिहरूको समग्र मूल्यांकन गर्ने महत्वपूर्ण अवसर हो। यसले उपलब्धि, कमजोरी, अवसर र चुनौतीहरूको स्पष्ट चित्र प्रस्तुत गर्दै आगामी आ.व. का लागि यथार्थपरक, परिणाममुखी र दिगो विकासका योजना निर्माणमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ। सहभागितामूलक छलफल, तथ्यमा आधारित प्रस्तुति र साझा प्रतिबद्धतामार्फत यो समिक्षा कार्यक्रम शैलुङ गाउँपालिकालाई सुशासनयुक्त, समुन्नत र समावेशी स्थानीय सरकारको रूपमा अघि बढाउन महत्वपूर्ण आधार बन्नेछ।

शैलुङ गाउँपालिकाको परिचय

- शैलुङ गाउँपालिका आठ वटा वडामा विभाजन गरिएको छ। साविकको ताम्चेत दुधपोखरी (१–९) लाई वडा नं. १, साविकको भुषाफेदा गा.वि.स. (१–९) लाई वडा नं. २ , साविकको काटाकुटी गा.वि.स. (१,२,८ , ९ र मागापौवा १) लाई वडा नं. ३, साविकको मागापौवा गा.वि.स. (२–९) लाई वडा नं. ४, साविकको काटाकुटी गा.वि.स. (३–७) लाई वडा नं. ५ , साविकको फस्कु गा.वि.स.(६–९) लाई वडा नं. ६, साविकको फस्कु (१,२,३,४,५) लाई वडा नं. ७, र साविकको शैलुङ्गेश्वरी गा.वि.स (१–९) लाई वडा नं. ८ मा विभाजन गरिएको छ।
- गाउँपालिकाको कुल जनसंख्या १७९२३ रहेको छ जसमा महिला ९३३९ र पुरुष ८५८४ जना रहेका छ।
- गाउँपालिकामा २३ ओटा सामुदायिक विद्यालय र १२ ओटा स्वास्थ्य संस्थाहरू रहेका छन्।

- शैलुङ गाउँपालिकाको पूर्वमा भिमेश्वर नगरपालिका, बैतेश्वर र तामाकोशी, गाउँपालिका पर्दछ भने पश्चिममा सिन्धुपाल्चोक र रामेछाप जिल्ला पर्दछ।
- उत्तरमा भिमेश्वर नगरपालिका र सिन्धुपाल्चोक जिल्ला छन भने दक्षिणमा मेलुङ गाउँपालिका र रामेछाप जिल्ला पर्दछ।
- शैलुङ गाउँपालिका आठ वटा वडामा विभाजन गरिएको छ। साविकको ताम्चेत दुधपोखरी (१–९) लाई वडा नं. १, साविकको भुषाफेदा गा.वि.स. (१–९) लाई वडा नं. २ , साविकको काटाकुटी गा.वि.स. (१,२,८ , ९ र मागापौवा १) लाई वडा नं. ३, साविकको मागापौवा गा.वि.स. (२–९) लाई वडा नं. ४, साविकको काटाकुटी गा.वि.स. (३–७) लाई वडा नं. ५ , साविकको फस्कु गा.वि.स.(६–९) लाई वडा नं. ६, साविकको फस्कु (१,२,३,४,५) लाई वडा नं. ७, र साविकको शैलुङ्गेश्वरी गा.वि.स (१–९) लाई वडा नं. ८ मा विभाजन गरिएको छ।
- गाउँपालिकाको कुल जनसंख्या १७९२३ रहेको छ जसमा महिला ९३३९ र पुरुष ८५८४ जना रहेका छ।
- गाउँपालिकामा २३ ओटा सामुदायिक विद्यालय र १२ ओटा स्वास्थ्य संस्थाहरू रहेका छन्।
- शैलुङ गाउँपालिकाको पूर्वमा भिमेश्वर नगरपालिका, बैतेश्वर र तामाकोशी, गाउँपालिका पर्दछ भने पश्चिममा सिन्धुपाल्चोक र रामेछाप जिल्ला पर्दछ।
- उत्तरमा भिमेश्वर नगरपालिका र सिन्धुपाल्चोक जिल्ला छन भने दक्षिणमा मेलुङ गाउँपालिका र रामेछाप जिल्ला पर्दछ।

उद्देश्यहरू

1. शैलुङ गाउँपालिकाद्वारा आ.व. २०८१/०८२ मा स्वीकृत नीति, योजना, कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयन अवस्था, भौतिक तथा वित्तीय प्रगतिको समग्र र वस्तुगत समीक्षा गर्नु।
2. विनियोजित बजेट, स्रोत–साधन तथा सार्वजनिक सम्पत्तिको उपयोग प्रभावकारी, मितव्ययी, पारदर्शी र उत्तरदायी ढंगले भएको/नभएको मूल्यांकन गर्नु।
3. विकास निर्माण, सामाजिक सेवा प्रवाह, सुशासन तथा संस्थागत सुदृढीकरणका क्षेत्रमा प्राप्त भएका मुख्य उपलब्धि, सकारात्मक अभ्यास र नवप्रवर्तनहरू पहिचान गर्नु।

4. योजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती, कमजोरी र जोखिमहरूको पहिचान गरी तिनका कारणहरूको विश्लेषण गर्नु।

5. समिक्षा प्रक्रियाबाट प्राप्त अनुभव, सिकाइ तथा सुझावहरूलाई व्यवस्थित रूपमा अभिलेखीकरण गर्नु।

6. स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा प्रदान गरिएका सेवाहरूलाई अझ छरितो, गुणस्तरीय, नागरिकमैत्री तथा पहुँचयोग्य बनाउने उपायहरू पहिचान गर्नु।

7. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रियामा सुशासन, पारदर्शिता, उत्तरदायित्व र जनसहभागिताको प्रवर्द्धन गर्नु।

8. संघ, प्रदेश तथा स्थानीय तहबीचको समन्वय, सहकार्य र साझेदारीको अवस्थाको समीक्षा तथा सुदृढीकरण गर्नु।

9. समिक्षाबाट प्राप्त निष्कर्षका आधारमा आगामी आर्थिक वर्षका लागि यथार्थपरक, परिणाममुखी र दिगो विकास उन्मुख योजना तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक आधार तयार गर्नु।

10. निर्वाचित जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला निकाय तथा नागरिकबीच साझा बुझाइ, समन्वय र प्रतिबद्धता विकास गर्नु।

**आ.व. २०८१/०८२ मा भएका शाखागत रुपमा प्रस्तुत भएका प्रगति विवरण**

**प्रशासन शाखा**

- त्रैमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न हुनेगरेको।
- वडा कार्यालयका नव नियुक्त कर्मचारीहरुका लागि ३ दिने तालिम /कार्यरत कर्मचारीहरुका लागि पुनर्ताजगी तालिम, अनलाइन घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी अभिमुखीकरण तालिम, एकीकृत नागरिकता सिफारिस प्रणाली तालिम कार्यक्रम सम्पन्न भएको।
- आ. व. २०८१/०८२ मा १२२३६ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण वापत चार किस्तामा कुल रु १२,६९,२९,४६६ (बाह्र करोड उनान्सतरी लाख उनान्तीस हजार चारसय छैसट्ठी) रुपैया निकासा भएको।
- आ. व. २०८१/०८२ मा व्यक्तिगत घटना दर्ता तर्फ,जन्म दर्ता (पुरुष ३०६, महिला २८० गरि जम्मा ५८६ जना) , मृत्यु दर्ता (पुरुष १३६, महिला १०० गरि जम्मा २३६ जना), बसाईसराई दर्ता ७ वटा, विवाह दर्ता २९१, सम्बन्ध विच्छेद दर्ता ३० रहेको छ।

- गाउँपालिकाबाट संचालन हुने योजना/ कार्यक्रमको निरन्तर अनुगमन तथा प्रभावकारी कार्यन्वयनको लागि प्रत्येक वडा कार्यालयमा प्राविधिक कर्मचारी खटाइएको।
- कर्मचारीको स्तरवृद्धि/ पदस्थापन तथा आवश्यकता अनुसार जिम्मेवारी हेरफेर गरिएको।
- विभिन्न वडा स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार स्वास्थ्यकर्मीको खटनपटन गरिएको।
- कार्यपालिका, सभा, बैठक व्यवस्थापनका लागि अनलाईन माध्यमबाट पत्राचार गर्ने गरिएको।
- चालु आ.व. २०८२/०८३ को नीति कार्यक्रम र आय व्यय विवरण बजेट तयारीका लागि गाउँ पालिकाका विभिन्न शाखाहरु तथा वडा कार्यालयहरुसँग समन्वय गरिएको।
- दैनिक भैपरी आउने विभिन्न प्रकृतिका सिफारिस गरिने गरिएको।
- कर्मचारीहरुको व्यक्तिगत विवरण तथा अभिलेख व्यवस्थापन गर्ने गरिएको।
- समयसापेक्ष आवश्यकताका आधारमा कार्यविधि, मापदण्ड, निर्देशिकाहरु निर्माण भएको।
- सूचना अधिकारीको व्यवस्था गरिएको ।

**सामाजिक विकास शाखा**

- व्यवसाय/फर्म नयाँ दर्ता २२ वटा भएको
- व्यवसाय/फर्म नवीकरण २०० वटा भएको
- ज्येष्ठ नागरिक परिचयपत्र वितरण २२ वटा
- बजार अनुगमन : शैलुङ गाउँ पालिकाको मुख्य बजार क्षेत्रहरुमा अनुगमन गरिएको
- महिला हिंसा विरुद्ध १६ दिने अभियान प्रत्यक वडामा गई मनाइएको।
- समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) कार्यक्रम : अपाङ्ग व्यक्तिहरुको तथ्यांक संकलन गरि सहायता सामग्री वितरण
- अपाङ्ग परिचयपत्र वितरण कार्यक्रम : ८ वटै वडामा सम्पन्न गरिएको (काठमाडौँमा समेत १ दिन शिविर गरि सम्पन्न भएको): हालसम्म २२ जनाले प्राप्त गरेका।
- सहकारी, लेखा व्यवस्थापन तथा कोपोमिस २ दिने पुनर्ताजगी तालिम सम्पन्न : २२ वटा सहकारी हरुको सहभागिता रहेको।
- सहाकारी व्यवस्थापन: खारेजी प्रक्रियामा आएको १ वटा सहकारी (पहरिखर्क महिला कृषि सहकारी संस्था) खारेजी भएको।

- सहकारी अनुगमन समिति गठन भइ क्रियासिल रहेको ।
- १० वटा खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता भएको ।
- आश्रय स्थलको व्यवस्थापनका लागि सिफारिस: अनाथ तथा संरक्षणमा रहेका बालबालिकाहरुलाई संरक्षकको मन्जुरीमा विभिन्न आश्रय स्थल तथा संस्था हरुमा सिफारिस ।

**कानूनी मामिला ईकाईबाट सम्पादित कार्यहरू**

➢ मेलमिलाप कर्ता सूचिकृत गर्ने कार्य

| सि.न. | मेलमिलाप केन्द्र | सुचिकृत संख्या |
|---|---|---|
| १. | मेलमिलाप केन्द्र वडा नं. ०१ | ७ |
| २. | मेलमिलाप केन्द्र वडा नं. ०२ | ६ |
| ३. | मेलमिलाप केन्द्र वडा नं. ०३ | ५ |
| ४. | मेलमिलाप केन्द्र वडा नं. ०४ | ८ |
| ५. | मेलमिलाप केन्द्र वडा नं. ०५ | ५ |
| ६. | मेलमिलाप केन्द्र वडा नं. ०६ | ६ |
| ७. | मेलमिलाप केन्द्र वडा नं. ०७ | ६ |
| ८. | मेलमिलाप केन्द्र वडा नं. ०८ | ५ |
| **जम्मा संख्या** | | ४८ |

- विवाद दर्ता गर्ने तथा अभिलेख राख्ने  कार्य

| क्र.सं. | विवरण | दर्ता सङ्ख्या | फर्छयौट भएको | प्रक्रियामा रहेको |
|---|---|---|---|---|
| १ | जम्मा दर्ता भएको मुद्दा<br>अघिल्लो वर्षको जिम्मेवारी सरी आएको | १९<br>३ | १६ | ३ |

**आ.ब. २०८१/०८२ मा न्यायिक समितिमा दर्ता भएका विवादहरु**

- क्षतिपुर्ती दिलाई पाउँ – १ वटा मुद्दा दर्ता भएकोमा फर्छौट भएको
- लेनदेन- २ वटा दर्ता भएकोमा १ वटा फर्छौट भइ १ वटा प्रकृयामा रहेको
- कुटपिट- १ वटा दर्ता भएकोमा फर्छौट भएको
- जग्गा सम्बन्धी- ५ वटा दर्ता भएकोमा ३ फर्छौट भइ २ वटा प्रकृयामा रहेको
- गाली बेइज्जती- ६ वटा दर्ता भएकोमा ६ वटै फर्छौट भएको
- सडक निर्माण रोक्का -१ वटा दर्ता भएकोमा फर्छौट भैसकेको
- सिमाना मिचेको- २ वटा दर्ता भएकोमा २वटै फर्छौट भैसकेको
- खान लाउन दि. पाउँ-१ वटा दर्ता भएकोमा फर्छौट भैसकेको
- सामान्य झैझगडा-१ वटा दर्ता भएकोमा फर्छौट भैसकेको

**सञ्चालित कार्यक्रमहरु**

- मेलमिलाप कर्ताहरुको क्षमता विकासका लागि २०८१ पौष १० गते देखि ११ गते सम्म २ दिने क्षमता विकास तालिम सञ्चालन भएको
- ८ दिने आधारभुत तालिम नयाँ मेलमिलापकर्ताहरुलाइ आधारभुत तालिम २०८१ चैत्र २२ गते देखि २९ गते सम्म ८ दिने तालिम सञ्चालन भएको

शिक्षा शाखाबाट सम्पादन भएका कार्यहरू

- विद्यालयको अभिलेख व्यवस्थापन

| क्र.सं. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | २३ | |
| २ | संस्थागत विद्यालय | २ | |
| ३ | शिक्षक | १९९ | |
| ४ | कार्यालय सहायक | ९ | |
| ५ | बाल विकास सहजकर्ता | ३६ | |
| ६ | कार्यालय सहयोगी | ३४ | |
| ७ | विद्यार्थी | २२४८ | शैक्षिक वर्ष २०८२ |
| ८ | सामुदायिक सिकाई केन्द्र | ३ | |

- **गाउँपालिकामा कार्यरत शिक्षक तथा कर्मचारीको दरबन्दी विवरण अध्यावधिक गर्ने कार्य**

| क्र.सं. | दरबन्दी को प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक तह स्थायी | ९२ | |
| २ | प्राथमिक तह करार | १६ | |

| | | | |
|---|---|---|---|
| ३ | प्राथमिक तह राहत | १८ | |
| ४ | निम्न माध्यमिक तह स्थायी | ८ | |
| ५ | निम्न माध्यमिक तह करार | २ | |
| ६ | निम्न माध्यमिक तह राहत | २० | |
| ७ | माध्यमिक तह स्थायी | ८ | |
| ८ | माध्यमिक तह करार | १ | |
| ९ | माध्यमिक तह राहत | १२ | |
| १० | उच्च माध्यमिक तह | ६ | |
| ११ | बाल विकास सहजकर्ता | ३७ | |
| १२ | विद्यालय सहायक | ९ | |
| १३ | विद्यालय सहयोगी | ३५ | |
| १४ | माध्यमिक तह संघीय अनुदान | ११ | यो आ.ब. मा १ वटा घट भएको |
| १५ | आधारभूत तह संघीय अनुदान | ४ | यो आ.ब. मा २ वटा घट भएको |
| १६ | माध्यमिक तह प्रदेश अनुदान | १ | |
| | जम्मा | २७३ | |

- **कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगती**

| . | बजेटको श्रोत | विनियोजित कुल रकम | खर्च भएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | संघीय सशर्त अनुदान | १५२,७८५,००० | १४०,५३१,७५३ | ९२ |
| २ | प्रदेश अनुदान | ५६८,००० | ३७२,८१३ | ६६ |
| ३ | आन्तरिक स्रोत | २८,५९०,००० | २५,३१८,४३४ | ८९ |
| | जम्मा | १८१,९४३,००० | १६६,२२३,००० | ९१ |

- यस क्रममा आ.व. २०७९/०८० मा ८ जना शिक्षकलाई साबिकको विद्यालयबाट बढी विद्यार्थी संख्या भएको विद्यालयमा व्यवस्थापन गरिएको छ।
- आ.व. २०८०/८१ मा ८ वटा विद्यालयको कक्षा समायोजन, २ वटा विद्यालय एकिकरण तथा २ वटा विद्यालयको कक्षा थप समायोजन र २४ जना शिक्षकको सरुवा गरिएको।
- विद्यार्थीको घट्दो भर्नादरलाई केन्द्रित गर्दै एक वडा एक माध्यमिक विद्यालयलाई थप सुदृढ बनाउदै लैजानका लागि योजना निर्माण गरिएको छ।
- आ.व. २०८१/०८२ मा ६ वटा विद्यालय (एकीकरण) समायोजन गरी १९ जना शिक्षकको दरबन्दी मिलान अन्तरगत सरुवा गरिएको।
- उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयलाई सिकाई सुदृढीकरणका लागि प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत सामाजिक परीक्षण मापदण्ड-२०७८ अनुसार
- अधिकतम अङ्क हासिल गर्ने श्री दुर्गा माध्यमिक विद्यालय, शैलुङ– ४ लाई ३,००,०००।–
- दोस्रो हुने शैलुङ हिल टन आधारभुत विद्यालयलाई रु. २,००,०००।– अनुदान उपलब्ध गराई कार्यक्रम कार्यान्वयन गरिएको छ।
- माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, ICT Lab र पुस्तकालय स्थापना भैसकेका छन्।

- पिपलडाँडा आधारभुत विद्यालय बाहेक सबै आधारभूत विद्यालयहरुमा समेत विज्ञान प्रयोगशाला निर्माण गरिसकिएको छ ।
- दुधपोखरी आधारभूत विद्यालय र पिपलडाँडा आधारभूत विद्यालयमा कम्प्युटर ल्याव समेत स्थापना भैसकेको छ ।
- ३ वटा आधारभुत विद्यालयहरुमा कम्प्युटर ल्याब स्थापना गर्न बाकी रहेको छ ।

आ.ब. २०८१/८२ मा कार्यान्वयन भएका कार्यक्रमहरु

| क्र.सं. | विद्यालयको नाम | छनोट भएको कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | श्री शैलुङ हिलटन आधारभूत विद्यालय शैलुङ-८ दोलखा | कम्प्युटर ल्याब | |

- **IEMIS मा अद्यावधिक गरिएको तथ्याङ्क तथा विद्यालय अनुगमनबाट प्राप्त तथ्याङ्क र विद्यालयबाट प्रमाणित भएर आएको हाजिरलाई आधार मानि**
- **बाल विकास देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुलाई रु १५ का दरले दिवा खाजा बापतको अनुदान दिने संघीय सरकारको व्यवस्था भएता पनि रु १५ ले खाजामा पोषणको स्तर कायम गर्न नसकिने गुनासो आएको हुनाले गाउँपालिकाले कक्षा ६ सम्मको विद्यार्थीलाई रु ५ थप गरिएको छ ।**
- **कक्षा ६ देखि कक्षा ८ का विद्यसर्थीलाई रु २०का दरले खाजा वापत अनुदान उपलब्ध गराएको छ ।**
- **३२,५८,९२५।- रकम ससर्तबाट र २४,५९,७१०।- गरी जम्मा ५७,१८,६३५।– निकाशा गरिएको र ९,९७,०००।– रकम आन्तरिक श्रोतबाट भुक्तानी बाकी रहेको ।**

**विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान वितरण गरिएको**

- माध्यमिक विद्यालय कक्षा (०-१२ ) सञ्चालित जम्मा रु. ८५०००

- माध्यमिक विद्यालय कक्षा (०-१० ) सञ्चालित जम्मा रु. ८००००
- आधारभुत विद्यालय कक्षा (०-८ ) सञ्चालित जम्मा रु. ५७०००
- आधारभुत विद्यालय कक्षा (०-५, ०-३ ) सञ्चालित जम्मा रु. ५२०००
- जम्मा निकाशा रकमः- १८,१७,०००।– विद्यालयमा निकाशा गरिएको।

**कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम सञ्चालन गरिएको**

- **५ वटा विद्यालयहरुमा कक्षा ४ देखि ८ सम्मका अति कमजोर विद्यार्थी हरुको लागि अतिरिक्त कक्षा( ICU) सञ्चालन गरिएको।**
- **प्रति विद्यालय ८०,०००।– का दरले रकम विनियोजन गरिएको। जसमा थप कार्य गर्न १००००।– रकम निर्णय भएको।**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | नविन माध्यमिक विद्यालय | शैलुङ-२ | ७९,७५०।- |
| २ | मागापौवा माध्यमिक विद्यालय | शैलुङ-४ | ८६,०००।- |
| ३ | कालिका माध्यमिक विद्यालय | शैलुङ-७ | ६५,२५०।- |
| ४ | साँगुते माध्यमिक विद्यालय | शैलुङ-७ | ७५,५००।- |
| जम्मा | | | ३०६,५००।- |

**नमुना विद्यालय भौतिक अनुदान**

- दुर्गा माध्यमिक विद्यालयमा सो रकम ३ किस्तामा निकाशा गरिएको।
- १,००,००,०००।–( १ करोड रकम निकाशा गरिएको )



- छात्राबास( प्रशासनिक भवन निर्माण) ,भित्तामा गाह्रो लगाउने , भुईमा टायल बिच्छाउने तथा भुई ढलान जस्ता प्राविधिक लागत अनुमान सहितको कार्य ठेक्का मार्फत सम्पन्न भएको ।
- ठेक्काबाट बाँकी भएको रकम समेत गाउँकार्यपालिकाको निर्णय अनुसार विद्यालय व्यवस्थापन समितिबाट सम्पन्न भएको ।

नमुना विद्यालय शैक्षिक व्यवस्थापन अनुदान

- दुर्गा माध्यमिक विद्यालयमा सो रकम २ किस्तामा निकाशा गरिएको ।
- ३०,००,०००|–( तीस लाख रकम निकाशा गरिएको )
- गाउँपालिका र विदयालयको विचमा विद्यालयले पेश गरेको प्रस्तावका आधारमा सम्झौता भई कार्य सम्पन्न पश्चात रकम निकाशा गरिएको ।

**शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत)**

- ३ वटा सामुदायिक सिकाई केन्द्रहरुलाई प्रति सामुदायिक सिकाई केन्द्र रु ३,००,०००|– का दरले जम्मा ९,००,०००|- अनुदान निकाशा गरिएको ।
- सामुदायिक केन्द्रका सहजकर्ताहरु हाल बिद्यालयमा नै कार्यरत रहेकोमा आ.ब. २०८२/०८३ देखि समुदायमा रहेर समुदायमा आधारित कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने गरी वडा कार्यालयमा सरुवा गरिएको ।

**शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण**

- यस कार्यक्रमबाट प्रति विद्यार्थी रु २७५ का दरले २१३ जना विद्यार्थीको कक्षा ८ को परीक्षा सञ्चालन बापत ५८,५७५|– रकम खर्च गरिएको ।
- कक्षा १-३ को एकीकृत पाठ्यक्रम सम्बन्धी ३ दिने कष्टमाइज्ड तालिम सञ्चालन गरीएको ।
- विद्यालयका IT फोकल शिक्षकका लागि ५ दिने सूचना प्रविधि सम्बन्धी तालिम आयोजना गरिएको ।
- विद्यालयको अनुगमन गरी दरबन्दी मिलान , विद्यालय समायोजनको काम सम्पन्न गरको ।

**सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन**

- ठेक्का मार्फत स्यानिटरी प्याड खरिद गरी विद्यालयमा वितरण गरिएको ।



- ८,०६,०००।– को ठेक्का निकालिएको।
- ३,९७,६१९।– रुपैयामा ठेक्का स्वीकृत भई कार्य सम्पन्न भएको।

**स्थानीय पाठ्यक्रम निर्माण**

- शैलुङ गाउँपालिकाको स्थानीय पाठ्यक्रम कक्षा १ देखि कक्षा ८ सम्मको "शैलुङ चिनारी" निर्माण गरी शैक्षि सत्र २०८१ बाट कार्यान्वयन भएको।
- स्थानीय विज्ञ तथा शिक्षकको प्रयासमा नै पाठ्यक्रम निर्माण गरिएको।
- सबै विद्यालयका कम्तिमा १ जना शिक्षकहरुलाई पाठ्यक्रमको प्रबोधिकरण गरिएको।
- सो कार्यका लागि ५,२२,५२५।- रुपैया बजेट खर्च भएको।

**बाल शिक्षक कर्मचारी लेखा शिक्षक थप तलब**

- ३६ जना बाल बिकास सहजकर्ताका लागि प्रति महिना थप ७,०००।– का दरले चाडपर्व खर्च सहित १३ महिना रकम रू ३२,७६,०००।- थप गरिएको
- ३५ जना विद्यालय सहयोगीका लागिका लागि प्रति महिना थप ७,०००।– का दरले चाडपर्व खर्च सहित १३ महिना रकम रू ३१,८५,०००।- थप गरिएको
- ९ जना विद्यालय सहायकका लागि प्रति महिना थप ४,५००।– का दरले चाडपर्व खर्च सहित १३ महिना रकम रू ५,२५,०००।- थप गरिएको।
- ३ जना सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको लागि प्रति सहजकर्ता प्रति महिना रु. ७०००।– का दरले जम्मा १,९५,०००।-
- ७१,४४,०००।- रकम खर्च भएको।

**प्रसुती विदा सट्टा शिक्षक व्यवस्थापन**

- महिला शिक्षक ९८ दिन प्रसुती विदामा रहँदा विद्यालयमा शिक्षण सिकाईमा प्रभाव पर्ने भएको हुनाले बढिमा ३ महिनाका लागि सट्टा शिक्षक राख्ने व्यवस्था रहेको।
- यस वर्ष ३ जना बाल विकास सहजकर्ता , १ जना प्राथमिक तहको शिक्षक , १ जना निम्न माध्यमिक तहको शिक्षक विदामा रहदा रु. १,६१,६६७।– रकम खर्च/ निकाशा भएको छ।

**प्राविधिक शिक्षा व्यवस्थापन अनुदान**

- प्राविधिक विद्यालयको व्यवस्थापनका लागि संघीय ससर्तबाट रु ७,००,०००।– बजेट विनियोजन भएकोमा सर्त पुरा गरी शारदा माध्यमिक विद्यालयमा रु. ७००,०००।– रकम निकाशा गरिएको ।
- प्राविधिक विद्यालयको व्यवस्थापनका लागि गाउँपालिका अनुदान अन्तरगत शारदा माध्यमिक विद्यालयमा १५,६७,०००।– र दुर्गा माध्यमिक विद्यालयमा ५,००,०००।– निकाशा भएको । शारदा माध्यमिक विद्यालयमा प्राविधिक तर्फ नै करिव ९,२८,०००।– रकम आन्तरिक श्रोतमा रहेको हुनाले निकाशा गर्न बाकी गरेको ।
- प्राविधिक विद्यालयको व्यवस्थापनका लागि संघीय ससर्त र गाउँपालिका अनुदान गरी जम्मा २७,६७,०००।– रकम निकाशा भएको ।

शिक्षक तालिम ( प्रश्नपत्र निर्माण कार्यशाला, पाठ्यक्रम प्रबोधिकरण,)

- जिल्ला स्तरीय एकीकृत परीक्षा समितिबाट अलग भै शैलुङ गाउँपालिकाले आफ्नै परीक्षा समिति गठन गरी परीक्षा सञ्चालन सुरु गरेको ।
- २०८१ श्रावण २५ देखि भाद्र १६ गते सम्म अनिवार्य ५ वटा विषयहरुको प्रश्न विश्लेषण तथा पाठ्यक्रम प्रबोधिकरण कार्यशाला आयोजना गरिएको ।
- ५ वटा अनिवार्य विषयका ११८ जना शिक्षकलाई कार्यशालामा सहभागी गराइएको ।
- प्रश्न पत्र निर्माण सगै कक्षा कोठा( विद्यार्थी)मा नै प्रश्नको तह , प्रकार र विशिष्टिकरण तालिका सहि रुपले पुर्याई विद्यार्थीको सिकाई उपलब्धी बढाउन सहयोग गरेको ।
- यस कार्यशालाका लागि करिब ५ लाख खर्च भएको ।

**शिक्षक तालिम (मन्टेश्वरी तालिम)**

- शिक्षाको प्रारम्भ तथा जगका रुपमा रहेको बाल विकास कक्षाको सिकाईलाई प्रभाबकारी बनाउन यो तालिम आयोजना गरिएको ।
- २०८० पौष २६ गते देखि पौष ३० गते सम्म ५ दिवसिय मन्टेश्वरी सम्बन्धी कार्यशाला आयोजना गरिएको ।
- ३७ जना बाल बिकास सहजकर्ता सो कार्यशालामा सहभागी भएको ।
- सो कार्यशालामा करिब २,२०,०००।– रकम खर्च भएको ।

## शिक्षक तालिम (लेखा सम्बन्धी तालिम)

- विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित वनाउन तथा विद्यालय लेखाङकण प्रणाली( SAS) को कार्यान्वयन गर्न ३ दिनको कार्यशाला आयोजना गरिएको ।
- माध्यमिक तथा आधारभुत तहका विद्यालयका प्रधानाध्यापक , विद्यालय सहायक सहित करिब ५२ जना सहभागी रहेको । २ चरणमा तालिम सञ्चालन गरिएको ।
- सो कार्यशालामा करिब २,६५,०००।– खर्च भएको ।


- विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित वनाउन तथा विद्यालय लेखाङकण प्रणाली( SAS) को कार्यान्वयन गर्न ३ दिनको कार्यशाला आयोजना गरिएको ।
- माध्यमिक तथा आधारभुत तहका विद्यालयका प्रधानाध्यापक , विद्यालय सहायक सहित करिब ५२ जना सहभागी रहेको । २ चरणमा तालिम सञ्चालन गरिएको ।
- सो कार्यशालामा करिब २,६५,०००।– खर्च भएको ।


बाल कक्षा व्यवस्थापन

- बाल कक्षामा आधारभुत सामाग्रीगरुको व्यवस्थापन गर्न यस गाउँपालिकाका १२वटा विद्यालयहरुमा बाल विकास कक्षाको व्यवस्थापन गरिएको ।
- १२ वटा विद्यालयहरुमा ३५,०००।– का दरले आधारभुत सामाग्रीहरुको व्यवस्थापन गराईएको ।
- यस शिर्षकमा जम्मा निकाशा ४,२०,०००।– रहेको छ ।
- पि फम (८ mm) ३० मिटर
- खाट ( ४*६ फिटको)
- डस्ना , तन्ना र सिरानी
- राउण्ड टेबल १ वटा (८ जना बिद्यार्थी अट्ने ,
- १ फिट अग्लो ,६ फिट व्यास)
- जुत्ता राख्ने र्याक , किताव राख्ने र्याक
- बाल बालिकाको लागि खेल कुद सामाग्री

## विद्यालय आन्तरिक परीक्षा व्यवस्थापन

- माध्यमिक तह सम्मको शिक्षा निशुल्क भनिएता पनि परीक्षाको नाममा शुल्क लिने गरेको पाईएको हुनाले गाउँपालिकाबाट नै प्रश्नपत्र र उत्तर पुस्तिकाको व्यवस्था गरिएको ।
- जिल्ला स्तरीय एकीकृत परीक्षा समितिबाट अलग भै शैलुङ गाउँपालिकाले आफ्नै परीक्षा सिति गठन गरी परीक्षा सञ्चालन सुरु गरेको ।
- विषयगत समिति गठन गरि सोहि समिति मार्फत प्रश्नपत्र तयार गरेको ।
- पाप्त प्रश्नपत्र छपाई गरि सबै सामुदायिक विद्यालयलाई वितरण गरेको ।
- उत्तर पुस्तिकाको लागि प्रति विद्यार्थी रु. १२०।– का दरले कक्षा १ देखि १० सम्मका २४५० विद्यार्थीका लागि अनुदान रकम उपलब्ध गराईएको ।
- यस शिर्षकबाट १०,४५, ८७५ ।- खर्च भएको ।
- उत्तरपुस्तिका बापतको रकम रू २,१४,०००।– विद्यालयमा निकाशा बाकी रहेको ।

राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन

- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड २९ वटा विधामा प्रतिश्पर्धा गराईएको ।
- कब्बडी , छात्रा भलिबल जस्ता विधाहरु थप गरिएको ।
- विद्यालयलाई सहभागी हुन आवश्यक तयारी , बसाई व्यवस्थापन गर्न प्रति विद्यालय ७०,०००।– देखि ८५,०००।– का दरले अनुदान रकम उपलब्ध गर्न निर्णय भएता पनी अन्तरिक श्रोतमा रकम रहेका कारण निकाशा हुन नसकेको ।
- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्दा करिब २१ लाख खर्च भएको ।
- २९ वटा विधामा करिब ३२ जना विद्यार्थी , ६ जना व्यवस्थापक सहित जिल्ला स्तरिय राष्ट्रपति रनिङशिल्ष प्रतियोगितामा सहभागी भएको ।
- सहभागी सबै विद्यार्थीलाई जर्सी , मोजा , नि क्याप , ट्रयाकसेट उपलब्ध गराईएको ।
- ६ स्वर्ण , ८ रजत र १ कास्य सहित १५ पदक जित्न सफल ।
- करिव ५ लाख रुपैया रकम खर्च भएको ।

प्र.अ. तथा शिक्षा समिति बैठक सञ्चालन

- ३ वटा शिक्षा समिति र ७ वटा प्रधानाध्यापक बैठक वसेको ।
- शिक्षा क्षेत्रका कार्यक्रमहरु प्र.अ. वैठकमा छलफल गरी शिक्षा समितिले सिफारिस गरी कार्यपालिकाले स्वीकृत गरेर मात्र कार्यान्वयन गरिएको ।
- शिक्षा समितिलाई क्रियाशिल बनाएको ।
- नियमित रुमा प्र. अ. बैठक सञ्चालन गरेको ।

- यस शिर्षकबाट रु. २,९७,०००।– भुक्तानी हुनुपर्नेमा ८३०००।– मात्र भुक्तानी भएको। प्र.अ. बैठकको भत्ता भुक्तानी हुन बाकी रहेको।

परीक्षा सञ्चालन कक्षा ८ , स्तर निर्धारण शिक्षक छनोट

- स्तर निर्धारण परीक्षा कक्षा ३ को एकै दिनमा प्रति विषय २५ पुर्णाङ्कको दरले ४ वटा अनिवार्य विषयको परीक्षा सञ्चालन गरेको।
- स्तर निर्धारण परीक्षा कक्षा ५ को वार्षिक परीक्षालाई नै स्तर निर्धारण परीक्षा बनाई गाउँपालिका बाहिरका विज्ञबाट प्रश्न बनाउने तथा उत्तरपुस्तिका समेत बाह्य विज्ञहरुबाट परीक्षण गरेर सो नतिजा विद्यालयलाई उपलब्ध गराएको।
- स्तर निर्धारण तथा गाउँपालिका स्तरीय परीक्षाको २८ वटा विद्यालयको १२ वटा केन्द्र कायम गरी सुपरीवेक्षकको व्यवस्था गरी परिक्षा सञ्चालन गरेको।
- गाउँपालिका बाहिरका विज्ञबाट प्रश्न बनाउने तथा उत्तरपुस्तिका समेत बाह्य विज्ञहरुबाट परीक्षण गरी कक्षा ८ को नतिजा EMIS बाट प्रकाशन गरेको ।
- शिक्षक छनोट परीक्षा गाउँपालिकाले विज्ञापन गरी गाउँपालिकाले नै सम्पूण आर्थिक भार व्यहोरेर परीक्षा सञ्चालन गरेको।
- यस शिर्षकबाट रु.९,८५,०००।– भुक्तानी भएको।

उत्कृष्ट शिक्षक , विद्यार्थी, विद्यालय सम्मान कार्यक्रम

- शैक्षिक वर्ष २०८० मा स्तर निर्धारण परीक्षा कक्षा ३ तथा ५ , गाउँपालिका स्तरीय परीक्षा कक्षा ८ , SEE( कक्षा १०) , SLC( कक्षा १२) मा उत्कृष्ट सिकाई उपलब्धी हासिल गर्ने विद्यालयहरुलाई सम्मान गरियो।
- बिभिन्न तहका ५ वटा विद्यालयहरुलाई रु. १००००।– का दरले पुरस्कृत गरियो।
- विभिन्न तहका १७ जना उत्कृष्ट विद्यार्थीहरुलाई रु. ५,०००।– , ३,०००।– र २,०००।- का दरले पुरस्कृत गरियो।
- बिभिन्न तहका अनिवार्य विषय अध्यापन गरी उत्कृष्ट नतिजा ल्याउन सहयोग गर्नुहुने २४ जना शिक्षकहरुलाई प्रति शिक्षक ७,५००।– का दरले सम्मान गरियो।
- यस सम्मानका लागि करिब २,८२,०००।– रकम खर्च गरियो।

माध्यमिक तह अतिरिक्त कक्षा व्यवस्थापन

- माध्यमिक विद्यालयका कक्षा १० का विद्यार्थीका लागि कठिन मानिएका ३ वटा विषयहरु( अङ्ग्रेजी , गणित र विज्ञान) को ३ महिना अतिरिक्त कक्षा सञ्चालन गरिएको।
- प्रति विषय प्रति दिन ३०० का दरले बढिमा ७५ दिनको रकम निकाशा तयारी गरिएको
- प्रति विद्यालय रु २२,५०० ।- का दरले ६,७५,०००।- रकम विद्यालयको खातामा अनुदान निकाशा तयार गरिएको। आन्तरिक स्रोतमा रहेको हुनाले निकाशा बाकी रहेको।

- यस कार्यक्रमबाट SEE को नतिजामा अपेक्षित सुधार देखिएको हुनाले यस शैक्षिकबाट कक्षा ८ को समेत थप कक्षा सञ्चालन कार्यक्रम तय भएको ।

**स्वास्थ्य शाखाबाट सम्पादन भएका कार्यालय**

- सबै स्वास्थ्य संस्थाहरुमा Aug १ देखि ७ सम्म " स्तनपानमा समानता सबैको सहयोग र सहभागिता"भन्ने मूल नाराका साथ विश्वो स्तनपान सप्ताह मनाइयो।
- सबै बिद्यालयका १० देखि १९ वर्षका ८४८ जना किशोरीहरुलाई (श्रावण, भाद्र,असोज र माघ,फागुन ,चैत्र) महिना हप्तामा १ चक्की आइरन फोलिक एसिड खुवाने कार्यक्रम सम्पन्न भएको।
- धुलिखेल अस्पताल दोलखा , तिलगंगा आँखा प्रतिष्ठानमा काठमाडौं , दोलखा लायन्स आँखा केन्द्र दोलखा र शैलुङ गाउँपालिकाको संयुक्त आयोजनामा १ दिने नि शुल्क स्वास्थ्य सिविर संचालन गरि जसमा दन्त सेवा -५६ हाडजोर्नी -५१ नाक कान -३९ स्त्री रोग-१० आँखा -२१६ र अन्य रोग- १२५ गरि ३१७ जना महिला र १८० पुरुष गरि कुल जम्मा ४९७ जना विरामीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको।
- **मिती २०८१/०७/१२ र २०८१/०७/१३ गतेका दिन शैलुङ ०८ मा शैलुङ गाउँपालिका, शैलुङ गाउँपालिका वडा नं ०८ ,फाईटर फर लाईफ,नेपाल लायन्स कलब अफ काठमान्डौ टेम्पल भ्याली क्योकोशिन कराँते,लायन्स क्लब अफ काठमान्डौ शेष्मति तथा लायन्स क्लब अफ काठमान्डौ गौरीशंखरको आयोजना तथा माट्रीका आई सेन्टरको,पुरानो बानेश्वोरको प्राविधिक सहयोगमा नि : शुल्क आखा शिविरमा ५३० जनाले सेवा लिनु भएको थियो जसमध्य ३३ जना पुरुष र २५ जना महिला गरि जम्मा ५८ जनालाई मोतियाबिन्दुको सल्यक्रिया को सेवा शैलुंगेश्वोर स्वास्थ्य चौकी बाट प्रदान गरिएको साथै १५ दिन पछि फलोअप सेवा समेत प्रदान गरेको**
- **मिति २०८१/०७/२७ गतेका दिन विश्व स्वास्थ्य संगठन र शैलुङ गाउँपालिकाको संयुक्त आयोजनामा यस गाउँपालिका अन्तर्गत रहेका जनप्रतिनिधि र स्वास्थ्यकर्मी गरि जम्मा ३० जना कर्मचारीहरुलाई आत्महत्या रोकथाम तथा न्यूनीकरण सम्बन्धी कार्यक्रम सम्पन्न गरेको जसवाट समाजमा हुने मानसिक स्वास्थ्य समबन्धी समस्या बाट आत्महत्या जस्ता घटनाको अन्त्य गर्न सहज भएको।**
- **सबै स्वास्थ्य संस्था हरुको न्युनतम सेवा मापदण्ड (MSS ) सम्बन्धि अभिमुखीकरण तथा फलोअप कार्यक्रम सम्पन्न गरेको ८० % स्वास्थ्य संस्थारुले mss मा ८० % भन्दा उत्कृष्ट नतिजा हासिल गरेकका जसवाट बिगतमा भएका समस्या तथा चुनौतीहरुलाई पार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुका साथै सेवाको पहुच बढेको ।**
- **२१ औं रास्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका दिवश २०८१ मंसिर २०( 5 th December 2024 ) ''विविध स्वास्थ्य क्रियाकलापमा महिला स्वास्थ्य स्वयम् सेविकाको भूमिका स्वास्थ्य समाज निर्माणमा सहभागिता भन्ने मूल नाराका साथ सम्पन्न विभिन्न प्रतियोगितात्मक कार्यक्रम शैलुङ गाउँपालिका र**

जनस्वास्थ्य कार्यालय दोलखा द्वारा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका योगदानलाई उच्च मुल्यांकन गर्दै रु ५०००/- र प्रमाण पत्र प्रदान गरि दिवस मनाइएको ।

- मंसिर २० गते मागापौवा स्वास्थ्य चौकीमा सामाजिक लेखापरीक्षण कार्यक्रम सम्पन्न गरिएको ।
- १० वटा स्वास्थ्य सस्थाबाट १८,३३३ जना नया सेवाग्राही तथा नया र पुरानो गरि जम्मा २५,६८५ जना सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रदान गरिएको ।
- शैलुङ गा.पा.र जनस्वास्थ्य कार्यालय दोलखाको संग समन्वय गरि जम्मा ४० जना (स्वास्थ्य कर्मी, कर्मचारी, जनप्रतिनिधितथा महिला स्वास्थ्य स्वयं सेविकाहरु) लाई NCD तथा Meantal Health सम्बन्धि अभिमुखीकरण गरि १.म रक्सि चुरोट र सुर्तीजन्य पदार्थ खन्न २.म नियमित योग तथा व्यायम गर्छु ३.म स्वास्थ्य र पोषिलो खान खान्छु ४.म नियमित स्वास्थ्य परिक्षण गराउछु ५.म मेरो परिवार र समुदायको स्वास्थ्य प्रति सजक रहन्छु ६.म मेरो परिवारको स्वास्थ्य बिमा गराउछु ७.म मेरो आँगन र वातावरण सफा राख्छु ८ म मेरो परिवारको ३० वर्ष माथिका महिलाहरुको स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरको परिक्षण गराउछु ,९ म ट्राफिक नियमको पालना गर्छु भनि प्रतिबद्धता पत्रमा हस्ताक्षर गरिएको
